तर सडक कालोपत्रे भएर मात्रै पनि सरर गाडी गुड्न पाउने अवस्था भने छैन । सडकका साँघुरा पुल र वर्षायाममा आउने पहिरोले गाडीको रफ्तार रोक्ने पक्का पक्की जस्तो छ । सूचना अधिकारी खनालका अनुसार नारायणगढ मुग्लिन सडकमा १८ वटा पुल छन् । जसमध्ये चार वटाको मात्रै सडकको चौडाइअनुरूपको हुने गरेर नयाँ निर्माण गर्ने कार्य सुरु भएको छ । ती चारवटा पुल ७६ सालको साउनसम्म बन्ने लक्ष्य राखिएको छ ।

चारमध्ये तीन वटा पुल निर्माणको पनि ठेक्का पाएको लामा कन्ट्रयाक्सनका रवीन्द्र श्रेष्ठ अहिले पुलको चौडाइ ६ मिटरको हाराहारीमा मात्रै भएको बताउँछन् । यस्तो पुलबाट सजिलै दुई गाडी पार हुन सक्दैनन् । नयाँ बन्ने पुल साढे सात मिटर चौडाइको हुनेछ । नयाँ पुलमा दोहरो गाडी चल्ने श्रेष्ठ बताउँछन् ।

'३५ मिनेटको समय भनेको सबै पुलहरू सुधार भएमा भन्ने नै हो । तर पुलहरूको स्तरोन्नति नभए पनि ४० मिनेटमा बाटो पार हुने अध्ययनमा देखिएको छ,' सूचना अधिकारी खनालले भने । सबै पुलको मर्मत र निर्माण हुनुपर्नेमा सरकार गम्भीर रहेको उनले बताए ।

नेपाल भारत क्षेत्रीय व्यापार आयोजना अन्तर्गत सडक निर्माण हुन लागेको हो । काठमाडौंदेखि कोलकातासम्मको दूरीलाई हरेर समय व्यवस्थापन गर्नका लागि सडक विस्तार भएको हो । यातु आवतजावतलाई मात्रै नभएर व्यपारका लागि पनि सडक महत्त्वपूर्ण छ । राजधानी काठमाडौं र भारतबीच हुने व्यापारको ८० प्रतिशत हिस्सा यही सडक खण्ड भएर हुने गरेको आयोजनाले जानकारी गराएको छ ।

पुलका साथै पहिरो अर्को समस्या हो । गतवर्ष पहिरोका कारण लगातार ३६ घण्टासम्म बाटो रोकिएका थिए । पहिरोले एक घण्टा बाटो रोकिएर जाम भए गाडी पार हुन थप सवा तीन घण्टा सयम लाग्ने गरेको छ । सडक क्षेत्रमा २३ ठाउँमा पहिरो जाने खतरा छ । जसमध्ये ६ ठाउँमा ठूलै पहिरोको जोखिम छ ।

'पहिरो नियन्त्रणको काम पनि सुरु हुने भएको छ । ठूलो पहिरो जाने ठाउँमा यसै सातावाट काम सुरु हुन्छ,' खनालले भने । दुई वर्षभित्र काम सक्ने सम्झौता गरी सडकलाई २ लेनको बनाउन सन् २०१५ को अप्रिलबाट काम सुरु भएको हो । ३ पटक म्याद थपिए पनि काम पूरा नभएपछि चौथो पटक म्याद थप्ने प्रस्ताव भएको छ । चौथो पटक म्याद थपे आउँदो जेठको अन्तिममा काम सक्नुपर्ने हुन्छ ।

चैत १२ मा प्रदेशसभा बैठक

■ प्रताप विष्ट

हेटौंडा- नियमावली पारित गरेर फागुन १४ गतेदेखि स्थगित भएको प्रदेशसभा ३ को बैठक चैत १२ गतेदेखि सुरु हुने भएको छ ।

सरकारले दर्ता गरेको विभिन्न कार्यविधिबारे छलफल गर्न प्रदेशसभा बैठक डाकेको हो । चैत ७ गते बैठक बोलाउने तयारी गरिएको भए पनि उक्त दिन साते प्रदेशका मुख्यमन्त्रीलाई प्रधानमन्त्रीले भेट्ने कार्यक्रम रहेको र बीचमा रामनवमी पनि परेको हुनाले १२ गते बोलाइएको सभामुख सानुकुमार श्रेष्ठले बताए ।

सरकारले आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत ३ विधेयकको मस्यौदा तयार गरिसकेको छ । तीमध्ये २ वटा प्रदेशसभा सचिवालयमा दर्ता भइसकेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार गरेको केही सार्वजनिक लिखत प्रमाणीकरण विधेयक र आर्थिक मामिला तथा योजना मन्त्रालयले तयार गरेको आर्थिक कार्यविधि प्रदेशसभा सचिवालयमा दर्ता गरिएको छ । स्थानीय तहका पदाधिकारीको सेवासुविधा सम्बन्धी विधेयकको मस्यौदा तयार पारेको भएपनि विवादास्पद भएका कारणले प्रदेशसभाको सचिवालयमा दर्ता गरिएको छैन । चैत १ गते बसेको मन्त्रिपरिषद्को बैठकले ती विधेयक दर्ता गर्ने निर्णय गरेको थियो ।

सम्बन्धित मन्त्रालयले तयार गरेको विधेयक कानुन मन्त्रालयमार्फत सचिवालयमा दर्ता गरिएको थियो । दर्ता गरिएका विधेयकउपर बैठकमा दफावार छलफल हुनेछ ।

बिजनेसको अभावले प्रदेशसभा बैठक नबसेकाले अधिकांश प्रदेशसभा सदस्यहरू काठमाडौं वा गृहजिल्लामा बसिरहेका छन् । प्रदेशसभाको बैठकमा प्रदेश सरकारले दर्ता गरेको केही लिखत प्रमाणीकरणसम्बन्धी व्यवस्थापन गर्न बनेको विधेयक २०७४ र प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन २०७४ संसद्मा पेस हुनेछ । करिब १ महिनापश्चात् बस्न लागेको उक्त प्रदेश बैठकमा कार्य व्यवस्थापन कार्यदल पनि गठन हुनेछ । कार्यदलमा सबै राजनीतिक दलका प्रदेशसभाका सांसद रहनेछन् ।

लोक सेवा आयोग गठनमा ढिलाइ

प्रदेशस्तरीय लोक सेवा आयोग गठनमा ढिलाइ भएसँगै प्रदेशमा आवश्यक कर्मचारी व्यवस्थापन गर्न समस्या भएको छ । प्रशासन सेवाका कर्मचारी सामान्य प्रशासन मन्त्रालयमार्फत केही व्यवस्थापन भए पनि संसद् सेवा कर्मचारी व्यवस्थापन गर्न समस्या भएको हो । संसद् चलाउने दक्ष र प्राविधिक जनशक्ति नहुँदा प्रदेशसभा बैठक नै प्रभावित हुने स्थिति छ ।

प्रत्येक प्रदेशसभामा प्रदेश लोक सेवा आयोग रहने संविधानमा व्यवस्था भए पनि कानुन नबन्दा गठन हुन सकेको छैन । प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने उल्लेख भए पनि कानुन, मापदण्ड र आधार संघीय संसद्ले नै बनाउने संविधानमा उल्लेख छ । प्रदेश ३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव रमेश सिवाकोटीले प्रदेश लोक सेवा गठनबारे प्रधानमन्त्रीलाई अनुरोध गर्ने तयारी भएको जानकारी दिए । 'प्रधानमन्त्रीले प्रदेश प्रमुख, मुख्यमन्त्री र प्रदेश प्रमुख सचिव र प्रदेश प्रमुख कार्यालयका सचिवको भेला बोलाउनुभएको छ,' उनले भने, 'त्यो बैठकमा प्रदेश ३ का तर्फबाट प्रदेश लोक सेवा आयोग र प्रदेश प्रहरी गठनबारे कुरा उठाउँछौं ।' नयां शासन व्यवस्था अनुसार सबै प्रदेशमा प्रदेशसभा बैठक सञ्चालन हुने भएपछि संसद् सेवाका कर्मचारी अपर्याप्त छन् । प्रदेशस्तरीय लोक सेवा आयोग गठन हुने संवैधानिक व्यवस्था भए पनि प्रक्रिया अझै सुरु भएको छैन । कर्मचारी समायोजनको कुरा भए पनि त्यसमा समेत अन्योल भएको लोक सेवा आयोगका उपसचिव देवीप्रसाद सुवेदीले बताए । 'प्रदेशस्तरीय लोक सेवा आयोग गठन हुने व्यवस्था भए पनि प्रक्रिया सुरु भएको छैन,' सुवेदीले भने, 'तत्कालका लागि संघीय लोक सेवाले प्रक्रिया सुरु गर्ने हो भने पनि न्यूनतम ६ महिना लाग्छ ।' प्रदेशसभा सचिवालय सचिव भरतकुमार बुढाथोकीका अनुसार प्रदेशसभामा संसदीय मामिलाको कर्मचारी १ जना पनि छैनन् ।



बजेटको तयारी

बजेटका लागि आवश्यक कानुनको तयारीसँगै प्रदेश ३ सरकारले चैतको तेस्रो साता पहिलो बजेट ल्याउने तयारी गरेको छ । आर्थिक विधेयक तयारी भएर प्रदेशसभा बैठकमा पेस भएकोले चैतको २० गतेभित्र बजेट ल्याउने तयारी गरेको सरकारका प्रवक्तासमेत रहेका आर्थिक मामिला तथा योजना मन्त्री कैलाश ढुंगेलले जानकारी दिए ।

नदी दोहन रोक्ने सहमति

हेटौंडा (कास)- मकवानपुरका विभिन्न खोलामा मापदण्डविपरीत भइरहेको उत्खनन् रोक्ने निर्णय गरिएको छ ।

मापदण्डविपरीत खोला उत्खनन् गरिएको गुनासो चौतर्फीमा आएपछि जिल्ला समन्वय समिति (जिसस) को पहलमा सोमबार बसेको बैठकले उक्त निर्णय गरेको हो । जिसस मकवानपुरका प्रमुख रघुनाथ खुलालको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले आयोजनाका नाममा नदीजन्य पदार्थ अवैधरूपमा उत्खनन्बारे अनुगमन गरी प्रतिवेदन नबुझाएसम्म उक्त कार्य रोक्ने निर्णय गरेको हो ।

विकास निर्माण आयोजनाको नाममा हेटौंडा उपमहानगरपालिका, मनहरी, मकवानपुरगढी र भीमफेदी गाउँपालिकामा सञ्चालित क्रसर उद्योगले एक्साभेटर प्रयोग गरेर मापदण्डविपरीत काम गर्दै आएको स्थानीयको गुनासो छ । प्रमुख जिल्ला अधिकारी एवं जिल्ला अनुगमन समिति मकवानपुरका संयोजक चक्रबहादुर बुढाले अनुगमनपछि यसबारे निर्णय गर्ने गरी हाललाई नदीजन्य पदार्थको उत्खननमा रोक लगाउने निर्णय भएको बताए ।

मापदण्डविपरीत नदी दोहन गरिएको गुनासोपछि जिसससको पहलमा अवैध उत्खनन् रोक्ने निर्णय भएको हो

अनुगमन र नियमन नगरेसम्मका लागि मंगलबारदेखि उत्खनन् रोकिएको जिल्ला समन्वय समिति मकवानपुरले जनाएको छ । नदीजन्य पदार्थको अनुगमन गर्न जिल्ला प्राविधिक कार्यालय मकवानपुरका प्रमुख सोमराज तिमल्सिनाको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ ।

समितिका सदस्यमा जिल्ला वन कार्यालयका प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलका प्रतिनिधि, पर्सा वन्यजन्तु राष्ट्रिय निकुञ्जका प्रतिनिधि, क्रसर भएका स्थानीय तहका प्रतिनिधिलगायतको समिति गठन गरिएको हो । समितिले १५ दिनभित्र अनुगमन गरी प्रतिवेदन बुझाएपछि मात्र के गर्ने भन्नेबारे ठोस निर्णय गरिने प्रमुख जिल्ला अधिकारी तथा जिल्ला अनुगमन समितिका संयोजक बुढाले बताए । बैठकमा प्रदेश ३ का प्रतिपक्ष दलका नेता एवं मकवानपुर कंग्रेसका सभापति इन्द्रबहादुर बानियाँले उत्खनन्का विषयमा भएका नराम्रा कामलाई रोकेर प्रभावकारी ढंगले अनुगमन गर्नुपर्ने र खोला उत्खनन् गर्ने कार्य रोक्न नहुने विचार व्यक्त गरेका थिए । खोलाबाट ढुंगाबवालुवा उत्खनन् गर्ने कार्य रोकिएमा विकास निर्माण प्रभावित हुने उनको जिकिर थियो ।

बैठकमा माओवादी केन्द्रका प्रदेश सांसद प्रेमबहादुर पुलामीले मकवानपुरमा सञ्चालन भएका बालुवा प्लान्ट, क्रसर उद्योगहरू केकति दर्ता भएको र कति चलेका छन् भन्ने विषयमा अनुगमन गरेर नियमन गर्नुपर्ने बताएका थिए ।

विकास निर्माण आयोजनाका नाममा क्रसरमा थुपारिएका नदीजन्य वस्तुहरूको मापन पनि गर्ने बैठकले निर्णय गरेको छ । बैठकमा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले नवीकरण नभएका क्रसर बन्द गर्न प्रजिअलाई पत्र लेखेको बताएका थिए । आगामी दिनमा स्थानीय तह आफैंले ईआईई/आईई गरेर व्यवस्थित ढंगले उत्खनन्को काम गर्ने बताएका थिए ।

बैठकमा मकवानपुरका प्रजिअ बुढाले नवीकरण नभएका क्रसर उद्योगहरू सधैंका लागि बन्द गर्नका लागि समन्वय समितिले चिठी दिएमा प्रशासन तयार रहेको बताएका थिए । बैठकमा मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेती र मकवानपुरगढी गाउँपाकिलाका अध्यक्ष विदुर हुमागाईंले विकास निर्माणका काम नरोकिने गरी अनुगमनलाई प्रभावकारी बनाएर मात्र काम गर्न सुझाव दिएका थिए ।

बैठकमा जिसस मकवानपुरमा समन्वय अधिकारी नारायणप्रसाद मैनाली, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक दिलीपराज भा, जिल्ला वन कार्यालय, पर्सा वन्यजन्तु निकुञ्जका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । मकवानपुरका विभिन्न खोलामा करिब तीन दर्जन क्रसर उद्योग सञ्चालनमा छन । बालुवा धुने पनि २ दर्जनभन्दा बढी फिरफिरे छन् ।

८ महिनामा ६ सय २९ मुद्दा

हेटौंडा (कास)- मकवानपुर जिल्लामा हालसम्म ६ सय २९ आपराधिक घटनाको मुद्दा दर्ता भएका छन् । दर्ता भएकामध्ये सबैभन्दा बढी सार्वजनिक र लागूऔषधसम्बन्धी मुद्दा छन् ।

चालू आर्थिक वर्षको ८ महिनामा आपराधिक घटनामध्ये २ सय ४२ सार्वजनिक मुद्दा दर्ता भएका छन् भने लागूऔषधाका १ सय २६ वटा मुद्दा दर्ता भएका प्रहरी उपरीक्षक विकासराज खनालले बताए । उनका अनुसार कर्तव्य ज्यानसम्बन्धी ५ वटा तथा जबर्जस्ती करणीका १३ मुद्दा दर्ता भएका छन् । पछिल्लो समय जिल्लामा आपराधिक घटनाहरू बढ्दै गएका छन् । गत आवमा जिल्लामा ८ सय ६५ आपराधिक घटना दर्ता थिए भने आव ०७२/७३ मा ६ सय ९३ रहेका थिए । ०७१/७२ मा ५ सय ५३ वटामात्र मुद्दा दर्ता भएका थिए । चालू आवको ८ महिनामा झन्डै ६ सयभन्दा बढी मुद्दा दर्ता भएका छन् ।

पछिल्लो समयमा आपराधिक घटनाको मुद्दा दर्तामा वृद्धि हुनुको पछाडि प्रहरीको सक्रियता पनि रहेको छ । प्रहरीको सक्रियतामा लागूऔषध मुद्दाहरू धेरै दर्ता भएका हुन् । प्रहरीले दुर्गम गाउँका घरमा छापा मारेर लागूऔषध र अवैध हतियार बरामद गर्ने गरेकाले मुद्दाको संख्या वृद्धि भएको हो । यसैगरी महिलासम्बन्धी मुद्दा बढी दर्ता हुनुमा महिलाले खुलेर आफ्ना समस्या बाहिर ल्याउनु हो । मकवानपुरका प्रजिअ चक्रबहादुर बुढाका अनुसार पछिल्लो समय जिल्ला प्रशासन कार्यालयमा आउने अधिकांश सार्वजनिक मुद्दा रहेका छन् । सामाजिक समस्याको रूपमा रहेको वैदेशिक रोजगारीको कारणले पनि अपराधको संख्या बढेको छ ।

आलुले भाउ पाएन

■ अनिश तिवारी

भीमटार (सिन्धुपाल्चोक)- इन्द्रावती गाउँपालिका ११ को बट्टारगाउँका रामशरण दनुवारले प्रतिकिलो १० रुपैयाँमा आलु बेच्न थालेको दुई वर्ष पुग्यो । थन्काएर राख्दा बिग्रने र कोल्डस्टोर लैजान नसकेपछि लिन आएको व्यापारीलाई प्रतिकिलो दस रुपैयाँमा दनुवारले बिक्री गर्ने गर्छन् ।

'के गर्ने त्यत्तिकै राखे खेर जान्छ, घाटा सहेर बेच्नुपऱ्यो,' दनुवारले आलु खन्दै दुःखेसो पोखे, 'ज्यान दिएर आलु रोप्यो, भाउ पाइँदैन ।' उनले खेतमा उत्पादन लिन आइपुग्ने साहुको सर्तबमोजिम दस रुपैयाँमा आलु लिइरहेको सुनाए ।

बजारमा लैजाँदा राम्रो मूल्य पाउन नसक्ने भएको कारणले खेतमै लिन आएका बिचौलियालाई यहाँका कृषकले जतिसुकै मूल्यमा दिने गरेका छन् । 'अघिल्लो वर्ष सात रुपैयाँ किलोमासमेत बेचियो,' रामशरणले भने ।

भीमसेनस्थानका साधुराम दनुवारलाई फलेको आलु बिक्री गर्नु खल्लो अनुभव हुने गरेको छ । 'आलु बेचियो उचित मूल्य पाइँदैन,' उनले भने । हिउँदे आलुको 'सिजन' मा इन्द्रावती बगरभर आलुको चटारोसँगै काभ्रे राजधानीको साँखुभर एकैसाथ उत्पादन हुने गर्छ । 'साँघु र काभ्रेको उत्पादनले बजार लिइसक्छ,' साधुरामले भने, 'उत्पादनको प्रतिस्पर्धामा हाम्रो आलुलाई राम्रो मूल्यमा बजार पाउन हम्मे पर्छ ।' उनले कृषककै निजी सवारी नभएको र बजारमा व्यवस्थापन गर्न नसकेको कारणले यस्तो समस्या आएको प्रस्ट्याए ।

'कोल्डस्टोरमा लैजान काभ्रेको पाँचखाल पुग्नुपर्छ,' उनले भने ।

आलु स्वथ्यकर राख्न भीमटारमा एउटा मात्रै कोल्डस्टोर सवारीको व्यवस्था भए कृषक मारमा नपर्ने न्यौपाने गाउँका अगुवा कृषक बालकृष्ण आचार्य सुनाउँछन् । 'यहाँको उत्पादनलाई बेवास्ता गरिएपछि हामी मारमा छौं,' उनले भने, 'आलुको पकेटक्षेत्रमा गनिएर पनि यस्तो संकट छ ।' पाँचखालको प्राइभेट कोल्डस्टोरमा राख्न भीमटारको कृषकलाई धेरै महँगो पर्ने गरेको छ ।

बजारको समस्याले इन्द्रावतीको भीमटारको बट्टार, भीमसेनस्थान, पौवा, न्यौपानेगाउँदेखि भोटसीपाभरका कृषक कौडीबराबरको मूल्यमा आलु बेचबिखन गर्न बाध्य छन् । बजार पहुँच अभाव, सवारी र सुरक्षित राख्न कोल्डस्टोर नभएको समस्याले यहाँका प्रत्येक कृषकको पसिना दस रुपैयाँमा बिक्री गर्न बाध्य छन् ।

जिल्ला कृषि विकास कार्यालयका प्रमुख हिक्मतबहादुर श्रेष्ठ मेलम्ची र इन्द्रावती करिडोर आलुका लागि खानी मानिएको बताउँछन् । 'पकेट भेग भएर पनि यो समस्या अझै कायम छ,' उनले भने । निजीक्षेत्र अगाडि सरे अनुदान दुई करोडसम्म दिन मिल्ने सरकारी प्रावधान रहेको छ । 'झन्डै १२ करोड कोल्डस्टोरको बनाउन लाग्ने भएकाले राजनैतिक पहल हुनुपर्ने देखिन्छ,' श्रेष्ठले भने, '५ रोपनी जग्गामा १५ सयदेखि २ हजार मेट्रिकटन क्षमताको चिस्यान केन्द्र बन्न सक्छ ।'



सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिकाअन्तर्गत भीमटारका कृषक आलु भित्र्याउने चटारोमा । *तस्बिर : अनिश*

महानगरपालिकाले थाल्यो अनुगमन

■ प्रशान्त माली

काठमाडौं- काठमाडौं महानगरपालिकाले कर नतिर्ने व्यवसायीलाई कानुनी दायरामा ल्याउन अनुगमन थालेको छ। वडाध्यक्षको समन्वयमा प्रत्येक वडाका सचिवको नेतृत्वमा राजस्वका कर्मचारीसहित ३ जनाको टोली ३२ वडामा परिचालन भएका छन्।

महानगरपालिका जनप्रतिनिधिले गरेको सर्वेक्षणमा ५० भन्दा बढी ठूला व्यवसायीले करोडौं राजस्व छली गरेको पाइएको थियो। महानगरपालिका राजस्व विभाग प्रमुख राज्यप्रकाश प्रधानाङ्गले कर असुली कार्यलाई थप प्रभावकारी बनाउन अनुगमन थालेको बताए।

'ठूला करदातालाई करको दायरामा नल्याइकन लक्ष्यअनुरूप राजस्व भित्रिदैन,' उनले भने, 'अनुगमन टोलीलाई स्थलामा कर आदेश जारी गर्न र रसिद काटी राजस्व दाखिला गर्नसमेत अधिकार दिइएको छ।' महानगरपालिकाको चालु आवमा १२ अर्ब ८७ करोड ८९ लाख ४७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य छ। यो लक्ष्य गत वर्षको तुलनामा १० गुणाले बढी छ। राजस्व विभागका अनुसार माघसम्ममा २ अर्ब ६० करोड रुपैयाँ मात्र राजस्व संलग्न भएको छ।

महानगरपालिकाका अधिकारीका अनुसार जनप्रतिनिधिले चाहेमा तीन महिनामा लक्ष्यअनुरूप राजस्व संलग्न गर्न सक्छ। ठूला करदाता राजनीतिक संरक्षणमा रहेर कर तिर्न

५० भन्दा बढी ठूला व्यवसायीले करोडौं राजस्व छली

अटेर गरिरहेका छन्। लक्ष्यअनुरूप राजस्व भित्र्याउन नसकेमा जनप्रतिनिधिले चाहेजस्तो विकास गर्न नसक्ने महानगरपालिकाका विज्ञ बताउँछन्।

चालु आवमा घरजग्गा करबापत एक अर्ब ५० करोड रुपैयाँ भित्र्याउने लक्ष्य लिएकोमा सात महिनामा ३४ करोड ६५ लाख ३ हजार ३ सय ९७ रुपैयाँ उठाएको छ। यस्तै घरबहालबाट २ अर्ब रुपैयाँ लक्ष्य राखेकोमा १७ करोड ७४ लाख ६७ हजार ५ सय ३६ रुपैयाँ मात्र भित्रिएको छ। सवारी करबापत २० करोड रुपैयाँ भित्र्याउने लक्ष्यमा २३ लाख ५० हजार ७ सय ४४, विज्ञापनबाट १५ करोड रुपैयाँ भित्र्याउने लक्ष्यमा २ करोड ३८ लाख ९० हजार ७ सय १८ रुपैयाँ मात्र भित्रिएको छ। यस्तै ५० लाख भित्र्याउने लक्ष्य रहेको मनोरञ्जन र २५ लाख भित्र्याउने लक्ष्य रहेको केवल अपरेटरबाट भने राजस्व भित्र्याउन सकेका छैनन्।

महानगरपालिकामा हालै गठित राजस्व समितिका संयोजक नवीन मानन्धरले महानगरको विकास गर्न अनिवार्य रूपमा लक्ष्यअनुसार राजस्व भित्र्याउनुपर्ने बताए। 'समितिले अख्तियार पाएको छैन,' उनले भने, 'करले होइन रहरले राजव संलगन गरिन्छ।' महानगरपालिका-१ मा होटल माउन्टेन, ल्यान्ड मार्कले कर तिरेको छैन भने ३ नम्बरको एभरेस्ट बैंक लाजिम्पाट, सांग्रिला होटल, ग्लोबल आईएमआई पानीपोखरीलगायतले घरजग्गा कर तिर्न बाँकी छ।











"मुखबारे सोचौं, स्वस्थ रहौं" विश्व मुख दिवस मंगलबार मनाइरहँदा राजधानीमा सुर्तीजन्य पदार्थ सेवन तथा बेचबिखन हुँदै। मार्च २० तारिखलाई विश्व मुख स्वास्थ्य दिवसको रूपमा संसारभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइने गरिन्छ। अध्ययनअनुसार नेपालमा महिलाहरूको तुलनामा पुरुषहरूमा मुखको क्यान्सर बढी देखिएको छ। धूमपान, मद्यपान, सुपारी, पान र गुट्खाको अत्यधिक प्रयोगले मुखको क्यान्सर निम्त्याउँछ। *तस्बिर : कविन अधिकारी*

निर्देशन लत्याउँदै विदेश भ्रमण

■ दीपेन्द्र विष्ट

काठमाडौं- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशनविरुद्ध स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी विदेश भ्रमण गर्न थालेका छन्। मन्त्रालयले जथाभावी र मनोमानी ढंगले विदेश भ्रमण जान थालेको भन्दै तत्काल त्यस्तो स्थगन गर्न निर्देशन दिए पनि स्थानीय तहले त्यसको वेवास्ता गरेको पाइएको छ।

मन्त्रालयको परिपत्रलाई लत्याउँदै कर्मचारी र जनप्रतिनिधि वैदेशिक अध्ययन र अवलोकनका नाममा विदेश भ्रमण जान थालेको मन्त्रालयका उच्च अधिकारीले जानकारी दिए। विदेश भ्रमण जाने अधिकांश उपत्यकाभित्रका नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी रहेको ती अधिकारीले बताए। विदेश भ्रमणमा जाने काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका, गोकर्णेश्वर, कागेश्वरी र संखरापुर नगरपालिकालगायतका जनप्रतिनिधि र कर्मचारी रहेका छन्।

वैदेशिक अध्ययन र अवलोकन स्थगन गर्न निर्देशन दिए पनि नगरपालिकाका कार्यकारी प्रमुख मन्त्रालयका निर्देशन लत्याउँदै जनप्रतिनिधि र कर्मचारीलाई स्वीकृति दिन थालेको खुलेको छ। मन्त्रालयले विभाग, आयोग, समिति तथा प्रतिष्ठान र स्थानीय तहका सम्पूर्ण कर्मचारी र जनप्रतिनिधिलाई भ्रमण स्थगित गर्न निर्देशन दिइको हो। काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुख धनीराम शर्माले भौतिक विभाग प्रमुख रामबहादुर थापा, विपद् व्यवस्थापनका निर्देशक इन्द्रमान सिंह र भवन निर्माण तथा सहरी विकास विभागका इन्जिनियर कुन्दन सिंहलाई एक साताको लागि अध्ययन भ्रमण तथा अवलोकन भ्रमणका लागि जापान जाने स्वीकृति शर्माले दिएका छन्।

त्यस्तै गोकर्णेश्वर नगरपालिका मेयर सन्तोष चालिसे, संखरापुर नगरपालिकाका मेयर सुवर्ण श्रेष्ठ र कागेश्वरी मनोहरा नगरपालिका मेयर कृष्णहरि थापालगायत जापान भ्रमणमा गएका छन्। यसरी जनप्रतिनिधि र कर्मचारी मनोमानी ढंगले विदेश भ्रमणमा जान थालेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलसमेत फागुन १० गते अध्ययन तथा अवलोकनसम्बन्धी सबै किसिमका वैदेशिक भ्रमण कार्यक्रम स्थगित गराउन उल्लेख गर्दै निर्देशन दिएको छ। महानगरपालिका कार्यकारी शर्माले अवलोकन तथा अध्ययन भ्रमणमा कर्मचारी विदेश नगएको दावी गरे। 'इन्जिनियर तालिमका लागि पठाएका छौं। अध्ययन तथा अवलोकन भ्रमणका कोही पनि गएका छैन,' उनले भने, 'अन्यमा मन्त्रालयको निर्देशन मान्दै आएका छौं।' मन्त्रालयका सचिव दिनेश थपलियाले तालिम, अवलोकन र अध्ययन भ्रमणमा नपठाउन निर्देशन दिएको जानकारी दिए।

फोहोरबाट बायोग्यास

भक्तपुर (कास)- सूर्यविनायक नगरपालिकाले नगरभित्र उत्पादित फोहोरबाट वैकल्पिक ऊर्जाको रूपमा बायोग्यास उत्पादन गर्ने भएको छ। नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादन हुने फोहोरबाट करिब १ हजार ५ सय घनमिटर वैकल्पिक ऊर्जा बायोग्यास उत्पादनको प्रक्रिया अगाडि बढाएको छ। बायोग्यासको सम्भाव्यता अध्ययन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रअन्तर्गत 'नवीकरणीय ऊर्जा विस्तार कार्यक्रम र सूर्यविनायक नगरपालिका' बीच सम्झौतामा हस्ताक्षर गरेको जनाएको छ। सूर्यविनायक नगरपालिकाले दैनिक ५० सिलिन्डर ग्यास र ५ टन जैविक मल उत्पादन गर्ने लक्ष्यसहित वैकल्पिक ऊर्जा प्लान्ट सञ्चालनको कार्यक्रम अघि बढाएको नगरप्रमुख वासुदेव थापाले बताए।

तेह्र महिनाभित्र बायोग्यास उत्पादन गर्ने लक्ष्यसहित सम्झौता भएको उनले बताए। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत प्रकाश अर्याल तथा सूर्यविनायक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी तिमल्सिनाले आइतबार बायोग्यास उत्पादन प्रक्रियामा हस्ताक्षर गरेका हुन्। करिब १८ करोड रुपैयाँको लागतमा निर्माण हुने यो परियोजनामा एसियाली विकास बैंक/नेपाल सरकारको ४० प्रतिशत अनुदानमा नगरपालिकाले ६० प्रतिशत लगानी गर्ने नगरप्रमुख थापाले बताए। परियोजनाबाट दैनिक ५० सिलिन्डर ग्यास उत्पादन गर्न सकिने र प्रतिदिन ५ हजार किलो जैविक मलसमेत उत्पादन गर्न सकिने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र वरिष्ठ अधिकृत अर्यालले बताए।

हाल सूर्यविनायक नगरपालिकाबाट ४५ टन फोहोर उत्पादन हुने र उक्त फोहोरबाट दैनिक १५ सय घनमिटर बायोग्यास उत्पादन गर्न सकिने उनले जानकारी दिए। परियोजनाका लागि करिब ३० रोपनी जग्गा आवश्यक पर्ने भएकाले सम्भाव्यता अध्ययन गर्ने क्रममा उक्त स्थानको समेत पहिचान गरिने नगरपालिकाका थापाले बताए।

अस्पतालको सिलबन्दी तोडियो

भक्तपुर (कास)- मध्यपुर थिमि नगरपालिकाले राष्ट्रिय क्षयरोग केन्द्रको निर्माणाधीन भवनमा लगाएको सिलबन्दी तोडेको छ। मध्यपुर थिमि-४ तछुटोलस्थित केन्द्रले नगरपालिकासँग कुनै स्वीकृति नलिई, नक्सापाससमेत नगरी निर्माण थालिएको भन्दै नगरपालिकाले पुस १३ मा सिलबन्दी गरेको थियो।

केन्द्रले करिब २९ करोड रुपैयाँ लागतमा ३ सय शय्याको छाती रोग अस्पताल भवनको निर्माण थालेको छ। नगरपालिकाले अधिकतम २ लाख रुपैयाँ जरिवानासहित निर्माणाधीन भवनको नक्सापास प्रक्रिया सुरु गरे लगत्तै सिलबन्दी तोड्न पत्राचार गरेको नगरप्रमुख मदनसुन्दर श्रेष्ठले बताए। नगरपालिका र केन्द्रबीच मंगलबार ६ बुँदे सम्झौतासमेत भएको छ। नगरपालिकामा भएको सम्झौतामा केन्द्रले कुनै पनि पदमा कर्मचारी करारमा भर्ना गर्दा मध्यपुर थिमिका स्थानीय बासिन्दालाई ५० प्रतिशत कोटा दिने सहमति भएको जनाएको छ। कर्मचारी भर्ना गर्दा प्राविधिक, अप्राविधिक, श्रेणीविहीन कर्मचारीको करार नियुक्ति गर्दा सम्बन्धित विषय (माईक्रोबायोलोजिस्ट, ल्याब टेक्निसियन, टेक्निसियन, ल्याब ब्वाई, पियन, माली, भान्छे, ड्राइभरलगायत) मा योग्यता र क्षमताको आधारमा मध्यपुर थिमि नगरपालिकाको सिफारिसमा स्थानीयलाई नियुक्त गरिनुपर्ने सम्झौतापत्रमा उल्लेख छ।

केन्द्रबाट स्थानीयस्तरमा स्वास्थ्य तथा वातावरणीय क्षेत्रमा पर्ने प्रभाव र न्यूनीकरणको लागि पूर्वसजगता, सावधानी अपनाउने सहमति भएको छ। सरकारले उपलब्ध गराएको निःशुल्क उपचार बाहेक शुल्क लाग्ने सेवा र अन्तरंग सेवामा भक्तपुर जिल्लाका बासिन्दाको हकमा २५ प्रतिशत र मध्यपुर थिमिवासीमा ७५ प्रतिशत छुट दिने सम्झौता भएको नगरप्रमुख श्रेष्ठले बताए।

केन्द्रले हाल भोगचलन गरेको जग्गा नगरपालिकाले आवश्यक व्यवस्थापन गर्ने, अस्पताल व्यवस्थापनमा आवश्यक सहयोग, निर्देशन तथा अनुगमन गर्ने, अस्पताल सञ्चालनमा समन्वय र सहकार्य गर्ने सहमति भएको जनाएको छ। नगरप्रमुख श्रेष्ठ र केन्द्रका निर्देशक डा.केदारनरसिंह केसीले हस्ताक्षर गरी सम्झौतापत्र आदान प्रदान गरिएको छ।

महिनौंदेखि अस्पतालमा बेवारिसे

■ फातिमा बानु

काठमाडौं- ट्रमा सेन्टरको बेड नम्बर ६४६ मा सुतेका छन्। दुवै खुट्टामा औलादेखि तिघ्रासम्म ब्यान्डेजले बेरिएको छ। छेउमा न औषधि खुवाउने कुरुवा छ, न बेस्सरी दुख्दा के भयो भनेर सोध्ने आफन्त। ६ महिनादेखि यस्तै छ चलिरहेको उनको जिन्दगी। अस्पतालको बेडमा अलपत्र, एक्लै। उनी हुन् सर्लाहीका ५६ वर्षीय सन्तोष लामा। अनायास खुट्टामा निस्केको घाउ बढेर गत दसैंमा उनी अस्पताल भर्ना भएका हुन्। हिंड्ने नसक्ने गरी अस्पताल भर्ना हुँदा पनि कोही आफन्त भेट्न, सोध्न नआएको उनले गुनासो गरे।

उनी भन्छन्, 'सम्पत्ति हुँदासम्म आफन्तले घेर्थे, केही गर्न नसक्ने भएपछि हेर्न पनि कोही आउँदा रैनछन्।' उनी सवारी चालउने काम गर्थे। कहिले पानी ट्यांकर, कहिले रात्रिबस त कहिले एम्बुलेन्स चलाएर जीवन निर्वाह गर्थे। हातखुट्टा चलुन्जेल कहिल्यै अभाव नभेलेका उनलाई अहिले एक छाक मासुभात खान पनि रहरै भएको सुनाए। दसैंताक सधैंजसो उनी काम गरेर घर फर्केका थिए। खुट्टामा सानो पानीफोका निस्किएको थियो। दिनभरि लगाएको छालाजुत्ताले पाछ्यो होला जस्तो मात्रै लागेको थियो उनलाई।



फातिमा

'बेलुका छाम्दा मसिनो फोका थियो, रातारात बढेर डर लाग्ने भैगो,' उनी घाउ निस्केको दिन सम्झिन्छन्। गाउँले नाग लागेको भन्दै झारफुक गर्न सुझाएछन्। घाउ घट्नुको साटो बढेको थियो, पीडा त झन् दोब्बरतेब्बर। सुरुमा एउटा खुट्टामा देखिएको घाउ बढेर दुवैतिर फैलिए। घरी माता घरी झाँक्रीका घर चहार्दाचहार्दै उनी हिंड्नै नसक्ने भएको उनले सुनाए। जोरपाटीको अपांग हस्पिटलमा दुई दिन बसेपछि रिफर भएर उनी ट्रमा सेन्टर भर्ना भए।


उनी भन्छन्, 'सुरुमा त भाइ कुर्न आएको थियो, मेरो खल्तीबाट उपचार खर्च सकिएको दिनबाट अनुहार पनि देखाउन आएको छैन।' आफन्तको नाममा उनका सबै छन्। श्रीमती, तीन भाइ छोरा, भाइ बुहारी। श्रीमतीसँग भने उनको आठ वर्षदेखि बोलचाल बन्द भएको रहेछ। कमाएको पैसा अनावश्यक खर्च गरिदिने बानीका कारण उनले श्रीमती त्यागेका रहेछन्। अस्पताल भर्ना भएका सुरुवाती दिनमा घाउबाट भलभली रगत बग्थे, उनलाई परिवारको खुब सम्झना आउँथ्यो।

अब भने पीडा र एक्लोपन उनका सारथिजस्तै बनेका छन्। अस्पताल घर डाक्टर-बिरामी नै परिवारजस्तो लाग्न थालेको छ उनलाई फोका भनेर बेवास्ता गरिएको घाउले उनको पिंडुलाको मासु कुहाइदिएको उनको उपचारमा संलग्न डाक्टर पियूष दाहालले बताए।' खुट्टाको मासु सबै कुहिएको थियो, शल्यक्रिया गरेर मासु काटेपछि छाला प्रत्यारोपण गरी टालिएको छ। छाला अभाव भएका कारण बिरामीकै तिघ्राबाट ताछेर निकालिएको उनले बताए।

छाला ताछिएका तिघ्रा पनि घाइते छन्। शौचालय लगिदिनेसमेत साथी नहुँदा उनी नजिकैका अरू बिरामीसँग सहयोग माग्छन्। कोही नहुँदा दिसापिसाब च्यापैरै बस्ने उनको अनुभव छ। शौचालय जानका लागि जबर्जस्ती ओल्टेकोल्टे गर्ने, उभिने गरेका दिन उनी रातैभरि सुत्दैनन्। 'चर्रचर्र गर्छ, भतभती पोल्छ, नदुख्ने औषधिले पनि काम गर्दैन', उनी भन्छन्, 'उठ्न सघाउने मात्रै कोही भएको भए पनि मेरो आधा दुखाइ कम हुन्थ्यो।'

लामा उपचार खर्च जुटाउन पनि नसक्ने भइसकेका छन्। अस्पतालको बेवारिसे बेडमा उनको उपचार भइरहेको छ। डा. दाहाल भन्छन्, 'अरू बिरामीलाई ब्यान्डेज गर्दा उब्रिएको कपडाले उनको घाउ बाँध्छौं, अरूले खाइनसकेका औषधि खोजेर उहाँलाई दिन्छौं।' उनी अस्पतालमा नमुना परीक्षणका लागि ल्याएएका औषधि खान्छन्, लगाउँछन्। सामाजिक संस्थाले फलफूल ल्याइदिएको दिन उनलाई ठूलै पर्व आएजस्तो लाग्छ। नजिकैका बेडका सुतेका बिरामीलाई रेखदेख गर्ने कुरुवा, भेट्न आउने आफन्त देख्दा उनलाई निकै नरमाइलो लाग्छ।









तपाईंको आज

मेष	पदोन्नति	तुला	प्रियजन भेट
वृष	केही लाभ	वृश्चिक	अपजस
मिथुन	कार्य सिद्धि	धनु	मनोकांक्षा पूर्ण
कर्कट	कर्म प्राप्ति	मकर	आलोचित हुने
सिंह	भाग्य वृद्धि	कुम्भ	शत्रु परास्त
कन्या	कान्ति क्षय	मीन	आर्थिक लाभ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत ८ गते बिहीबार तदनुरुप २२ मार्च २०१८ चैत्र शुक्लपक्ष पञ्चमी तिथि दिनको २:८ बजेसम्म उप्रान्त षष्टि तिथि, कृतिका नक्षत्र रात्रिको ६:२७ बजेसम्म उप्रान्त रोहिणी नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:३२ बजेसम्म उप्रान्त प्रीति योग, कौलब करण रात्रिको ९:१० बजेसम्म उप्रान्त तैतिल करण, वृष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	गुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	मार्ग दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एण्ड एस (द रिभ्यू शो)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	दवाक्क दुक्क
२:३०	कान्तिपुर समाचार
३:००	सरोकार
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एण्ड एस (हङ्गार हन्ट)
७:००	हर्के हलदार
८:००	कान्तिपुर समाचार
९:००	सुमनसँग
९:३०	मनि टक्स
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एस एण्ड एस (हङ्गार हन्ट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एस एण्ड एस (हङ्गार हन्ट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हर्के हलदार
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	के आज घरमै

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
७:३०	संरक्षण (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (सबिना)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (प्रज्वल)
१०:००	स्पोर्ट एन्ड डायरी
१०:०५	गजब छ बा (आशीष शाह/दुर्गाराज पाण्डे)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	टेस्ट बड (सञ्जय/धलिसा)
१२:००	कान्तिपुर डायरी
१२:१०	आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (प्रज्वल खड्का)
१४:००	इन्टरनेसनल डायरी
१५:००	कान्तिपुर डायरी
१५:१५	संगिठोमेट्री (रोबिन तामाङ)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	हेपी हावर (शुभराज अधिकारी)
१७:०५	एजुकेसन टक (भूपेन्द्र)
१८:००	आद्या अकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	आई लभ इट आई हेट इट (प्रज्वल/स्वर्ण)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	क्लोज अप कनेक्ट (सबिना)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ग्लोबल कनेक्सन (शुभराज अधिकारी)
२३:००	आजदेखि अर्को आजसम्म (प्रज्वल खड्का)
२४:००	आफ्नो भाका आफ्नो गीत (कृष्ण)
००:०१	कानुनी बहस र परामर्श (कमला पन्थी)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८/४४७०४५२
प्रसूति गृह	४२५३०७६
ठेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२७७८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२०/४३७१३७४
मानसिक अस्पताल	५५०१३३३
नेपाल आँखा बैंक	४४०३४८६
नेपाल आँखा अस्पताल	४२५०४०१
तिलगंगा आँखा अस्पताल	४४०३४८४
नेपाल अर्थोपेडिक अस्पताल	४१९१०२५
भक्तपुर अस्पताल	६६१०६०६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४१९१०७८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६१५०
काठमाडौं मोडेल अस्पताल	४२४०८७५/६
नेपाल मेडिसिटी अस्पताल	१९३४, ४२१७०६६, ४२१७०७५
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडीकेयर मेगानल अस्पताल	४४६०८६०
मेडीकेयर मेगानल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
कान्तिपुर हस्पिटल	४१९१२५७/८५८
७० हस्पिटल एण्ड रिसर्च सेन्टर	४४०६२७५
नार्भिक, थापाथली	४२५८५५४
वयोश्रा अस्पताल (प्रा.) लि.	४२८६४०८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१०३६/६६३७०१६
क्याथिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
भक्तपुर रेडक्रस	६६१२२६६
नेगानल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
नेपाल मेडिसिटी	४२१७०५५/४२१७०६६
मानसिक अस्पताल	४४८०१००
नुयानस अस्पताल	४०८४८४०/४०८४५५०
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३०/४३८१२६२
ओर्चा अस्पताल र रिसर्च इन्टरच्युट	४२५८५५२/४२५८५४५
मनमोहन मेमोरियल अस्पताल	४४१९३०५/४४२०८२३
मरोसा अस्पताल प्रा.लि.	४४०४१६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६२१२१४४
जनमैत्री हस्पिटल	४३६६३०१-०५
मध्यपुर अस्पताल	०१-६६३१६४८
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५५२/४३८०८८८
केन्द्रीय पशु चिकित्सालय	४२६३९८२/४२२८०६४/४२६८१२३
नेटेप्पक हेल्थ सामुदायिक अस्पताल	४४०३५९८/४४००६५५
शहीद मेमोरियल अस्पताल	४६०२२३६/०१६२०८६०२
स्पार्क हेल्थ होम अस्पताल	४२७३०२४, ४२७०२२३
ओम समाज अस्पताल	४३१३५२२
रजार अस्पताल	५५५०१९६, ५५५०१९८, ५५५२२०७
अल्का अस्पताल	५५५५५५५
नागरिक सामुदायिक अस्पताल	६६३७०८०, ५६३२१८६
हिमाल अस्पताल/एम्बुलेन्स	४४१५०६६, ४४१२६०२
स्पाइनल इजरी पुनस्थापना केन्द्र	०१९-६६८८६०/६६०८६८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तर्राष्ट्रिय मैत्री बाल अस्पताल	४४१११३४, ४४१५४४१
बी.पी. स्मृति अस्पताल	४३८७०२४, ४३८७०२६
सुनेरु अस्पताल	५२७५३०६/५२७५२०८/९९
वेलकेयर हस्पिटल	४४२६१३५, ४४२६१८४
धनरेष्ट हस्पिटल	४०८२२०२४, ४०८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५४४, ४२२६७३०
ग्रान्डी इन्टरनेशनल हस्पिटल	५५५२०६५, ५५५२०६६
ग्रिन सिटी हस्पिटल	४३५२२४८, ४३५०६४२
शुभेक्षा इन्टरनेशनल हस्पिटल	४२८९५३४, ४२८९५३५
कान्तिपुर जनरल हस्पिटल	४३८५९२०, ४३८५९२१
निःशुल्क होमियो दातव्य	४२५५५४०/४२५५५४१

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
टमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुनेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२६४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२०९९
देव कर्नर निःशुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२६८०८६
नेपाल मिटर दबाबकसी संघ	४२२४३७४

एसियन कप छनोट

आशा साफलाई

■ सुबास हुमागाईं



नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने

डिफेन्डर : विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, दिनेश राजवंशी, रञ्जित धिमाल र देवेन्द्र तामाङ

मिडफिल्डर : रोहित चन्द, विशाल राई, हेमन गुरुङ, हेमन्त थापामगर, सुनील बल, सुमन लामा र सुजल श्रेष्ठ

फरवार्ड : विमल घर्तीमगर, नवयुग श्रेष्ठ, जर्जप्रिन्स कार्की र अञ्जन विष्ट ।

काठमाडौं- एएफसीबाट उपहारस्वरुप एसियन कप फुटबलको छनोट खेल्ने मौका पाएको नेपालले चैत १४ मा यमनको सामना गर्दै छ । सन् २०१६ को नोभेम्बरमा विश्वकप छनोटको पहिलो चरणबाटै बाहिरिएका राष्ट्रबीच भएको एएफसी सोलिडारिटी कपको उपाधि जितेपछि नेपालले यो अवसर पाएको हो । प्रतियोगिताको फाइनलमा नेपालसँग १-० ले पराजित मकाउले पनि सोही अवसर प्राप्त गऱ्यो ।

समूह चरणको अन्तिम खेलसम्म आइपुग्दा नेपाल ५ खेलमा २ अंक जोडै पुछारमा छ । नेपालको छनोट हुने सम्भावना समाप्त भइसकेको छ । उता मकाउ खेलेका सबै खेलमा हार बेहोर्दै अंकतालिकाको पुछारमै छ । एसियन कप छनोटमा अपेक्षाकृत प्रदर्शन गर्न नसके पनि नेपालले आफ्नो स्तर मापन गर्ने राम्रो अवसर पायो । घरेलु मैदानमा यमन र फिलिपिन्सलाई बराबरीमा रोकेको नेपालले ताजिकिस्तानसँग २-१ ले पराजित हुँदै सन्तोषजनक नतिजा हात पाऱ्यो । अबे मैदानमा भने नेपालको प्रदर्शन सुखद हुन सकेन ।

यमनविरुद्ध कतारको दोहामा हुने अन्तिम खेलमा नेपाल सकारात्मक नतिजासहित प्रतियोगिताबाट बिदा हुने दाउमा छ । तर विगतका खेलको तुलनामा नेपाल सम्भवतः सबैभन्दा कमजोर स्थितिमा छ । यसअघिका खेलमा नेपालले तयारीलाई लामो समय पाएको थियो । केही खेलअघि मैत्रीपूर्ण खेल र कुनै खेलमा वैदेसिक प्रशिक्षण पनि पाएको थियो । तर यसपालि खेलअघि नेपाली टोलीले एक साता पनि पूर्ण प्रशिक्षण गर्न पाएको छैन । मोफसलका प्रतियोगितामा ए डिभिजन क्लबहरू व्यस्त हुँदा प्रशिक्षक ग्योतोकु कोजीले समयमै खेलाडी पाएनन् ।

उपलब्ध खेलाडीको फिटनेसमा समस्या त छँदै छ, नेपाली टोलीले यसपल्ट महत्त्वपूर्ण केही सदस्यको पनि साथ पाउने छैन । नियमित उपकप्तान भरत खवास दोहोरो पहेँलो कार्डका कारण यमनविरुद्ध उपलब्ध हुँदैनन् । उनले ताजिकिस्तानमा ३-० को हार र फिलिपिन्ससँग गोलरहित बराबरी खेल्दा पहेँलो कार्ड पाएका थिए । यस्तै भरपर्दा मिडफिल्डर विक्रम लामा पनि चोटका कारण टोलीमा छैनन् । फागुनमा बुढासुब्बा गोल्डकपको फाइनलमा खुट्टा भाँचिएपछि शल्यक्रिया गराएका विक्रम अझै केही महिना मैदानबाहिर रहन्छन् ।

भर्खरै चोटबाट पुनरागमन गरेका डिफेन्डर रविन श्रेष्ठ प्रशिक्षणमा सामेल भए पनि कोजीले उनलाई टोलीमा समेटेका छैनन् । नेपाल पुलिस क्लबका लागि तिलोत्तमा गोल्डकपको तीन खेल खेलेका रविनमाथि प्रशिक्षक कोजीले जोखिम उठाउन चाहेनन् । मनाङ मर्स्याङदी क्लबका कमल श्रेष्ठ पनि पूर्ण फिट नहुनाले टोलीमा अटाउन सकेनन् ।

प्रशिक्षक कोजीले यमनविरुद्धको खेललाई सेप्टेम्बरमा हुने साफ च्याम्पियनसिप तयारीको रूपमा हेरेका छन् । 'हामीले केही महिनामै साफ च्याम्पियनसिप खेल्दै छौं । अहिले उपलब्ध खेलाडीलाई अध्ययन गर्न यो राम्रो अवसर हो । वर्तमान टोलीमा रहेको कमजोरी पत्ता लगाएर हामीले पछिका लागि त्यसको समाधान निकाल्न सक्छौं,' उनले भने ।

कोजीले यसपालि चार खेलाडीलाई टोलीमा फिर्ता बोलाएका छन् । थ्रीस्टारका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका गोलरक्षक एलन न्यौपानेसँगै डिफेन्डरद्वय आदित्य चौधरी र देवेन्द्र तामाङ टोलीमा फर्किएका छन् । पुलिसको आक्रमणमा निर्णायक भूमिका निभाइरहेका फरवार्ड सुमन लामा पनि यसपालि टोलीमा फर्किए । समग्रमा टोलीमा युवा खेलाडीको प्रभाव रहनेछ ।

नेपालले यसअघि यमनसँग प्रतियोगिताको दोस्रो खेलमा गोलरहित बराबरी खेलेको थियो । हल्चोकस्थित एपीएफ रंगशालामा सम्पन्न उक्त खेलमा यमनका खेलाडीले रमादानको समयमा खेलेका थिए । तुलनात्मक नेपाली टोली शारीरिक रूपमा कमजोर भए पनि खेल भने प्रतिस्पर्धात्मक थियो ।

यमन अहिले समूहको दोस्रो स्थानमा छ । नेपाललाई पराजित गरेको खण्डमा यमनले एसियन कपमा स्थान पक्का गर्नेछ । त्यसैले पनि नेपालका लागि यो खेल थप कठिन बन्नेछ ।

विगत तुलनामा कमजोर तयारी, महत्त्वपूर्ण खेलाडीको अनुपस्थिति र विपक्षीको बलियो दावेदारीले यस खेलमा नेपालले सुखद नतिजा ल्याउने सम्भावना निकै कम रहेको आँकलन गर्न सकिन्छ ।

बिर्तामोडलाई भेट्रान कप

काँकडभिट्टा (कास)- काँकडभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा सम्पन्न इन्डो-नेपाल भेट्रान फुटबलको उपाधि बिर्तामोडले जितेको छ । स्थानीय काँकडभिट्टा मार्विको मैदानमा सम्पन्न फाइनलमा बिर्तामोडले सुरुङ्गा भेट्रान क्लबलाई ३-० ले पराजित गर्दै १ लाख २५ हजार रुपैयाँ पुरस्कार जित्यो । सुरुङ्गाले ५१ हजार पायो ।

सुरुको १० औं मिनेटमा बिर्तामोडका गणेश सुब्बाको पासमा सुवास आङ्थुपोले गोल गर्दै टोलीलाई अग्रता दिलाए । २३ औं मिनेटमा गणेशकै पासमा सुवासले दोस्रो गोल थप्दै विपक्षीलाई थप दबाबमा राखे ।

बिर्तामोडले दोस्रो हाफको २९ औं मिनेटमा सुवासको क्रसमा नरेन्द्रमणि लिम्बूले गोल गर्दै टोलीको जित निश्चित गरे । म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ता बिर्तामोडका सुवास आङ्थुपो भए । खेलका सर्वोत्कृष्ट खेलाडी नरेन्द्रमणि लिम्बू, उत्कृष्ट फरवार्ड देवमान लिम्बू, उत्कृष्ट प्रशिक्षक नवीन लिम्बू र उत्कृष्ट डिफेन्डर मोहन गुरुङ (बिर्तामोड) भए । उत्कृष्ट मिडफिल्डरमा राकेश श्रेष्ठ (काँकडभिट्टा) र जेष्ठ खेलाडीमा कुमार सापकोटा (सुरुङ्गा) चुनिए भने फेयर प्ले टिम दार्जिलिङ बन्यो ।

देवदह र होराइजन सेमिफाइनलमा

बुटवल (कास)- सिद्धार्थ रंगशाला भैरहवामा जारी रूपन्देही टी-२० क्रिकेट प्रतियोगितामा मंगलबार देवदह क्रिकेट युनिट र न्यु होराइजन क्रिकेट क्लब बुटवल सेमिफाइनल पुगेका छन् ।

पहिलो खेलमा देवदहले ज्ञानोदय क्रिकेट क्लब करहियालाई १४ रनले हरायो । टस हारेर ब्याटिङ गरेको देवदहले ८ विकेट गुमाई १ सय १४ रन बनायो । कुशल भूर्तेलले २८, प्रकाश केसी र सन्दीप जोराले १३-१३ रन बनाए । ज्ञानोदयका कृष्ण पराजुलीले ३ र संगम थापाले २ विकेट लिए ।

यसअघि टस जितेको साई ग्लोबले १९.२ ओभरमा सबै विकेट गुमाई ८२ रनमात्रै बनायो । आशुतोष पासवानले ४२ र अजय रसाइलीले १६ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका कुशल मल्लले ४ र अनिल खरेलले २ विकेट लिए ।







'ओपनिङमै प्रमाणित गर्न चाहन्छु'



ज्ञानेन्द्र मल्ल, उपकप्तान

प्राविधिक हिसाबमा नेपालका सबैभन्दा निपुण ब्याट्सम्यान मानिएका ज्ञानेन्द्र मल्लका लागि पछिल्लो एक महिनामा भएको विश्व क्रिकेट लिग डिभिजन २ र विश्वकप छनोट बिर्सनलायक बन्यो । आफ्नो प्रदर्शनका हिसाबमै उनी यसलाई सम्झन चाहँदैनन् । नेपालबाट प्रमुख आस गरिएका यी ओपनिङ ब्याट्सम्यानले डिभिजन २ र विश्वकप छनोटका १२ खेलमा उनले १ सय ४२ रनमात्र बनाउन सके । आफूले प्रदर्शन दिन नसकेकामा उनलाई ग्लानि छ । यही मौकामा नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो । नेपाली टोलीका उपकप्तान ज्ञानेन्द्रसँग यसै सेरोफेरोमा *कान्तिपुर*का लागि **विनोद पाण्डे**ले गरेको कुराकानी :

नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउँदा टिममा लामो समय योगदान दिँदै आउनुभएका तपाईले यसलाई कसरी लिनुभएको छ ?

० मुख्य लक्ष्य कसरी टेस्ट मान्यता पाउने भन्ने थियो । त्यहाँसम्म पुग्ने वान-डे अन्तर्राष्ट्रिय मान्यता आधार हो । आफैले खेलिरहेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्दै यो मान्यता पाउनु मेरा लागि गौरवको विषय पनि हो । जतिखेर हामी क्रिकेट खेल्थ्यौं त्यतिखेर यो किसिमको चहल-पहल नै थिएन । खेल्दै जाँदा ट्वान्टी-२० विश्वकप नै खेल्यौं । त्यस्तै वान-डे अन्तर्राष्ट्रिय मान्यता पनि अर्को चरणको सपना थियो । क्रिकेट खेल्दा यो सम्भव पनि थिएन र सोचेका पनि थिएनौं । विश्व क्रिकेट लिग डिभिजन ५ मा हुँदा यो सम्भावनै थिएन । आफ्नो सानोतिनो योगदानमा नेपाल यो स्थितिमा आइपुग्दा सन्तुष्ट लागेको छ ।

मैरै प्रदर्शनका कारण नेपाल विश्वकप छनोटको सुपर सिक्समा पुग्न सकेन जस्तो लाग्छ, यसमा म दुःखी छु ।

हिजोका दिनमा नेपालको ब्याटिङ पारस, शरद र तपाईमा मात्र भरपर्दै आउँदा कुनै दिन यहाँ पुगिन्छ भनेर सोच्नुभएको थियो ?

० हामी तीन जना मात्र चलेर यो स्थितिमा आएको भन्ने हुँदैन । हाम्रो क्रिकेट संस्कार अझै विकसित भइसकेको छैन । हामी अझै स्कोरकार्ड हेरेर मूल्यांकन गर्छौं । त्यसबाट बाहिर आउन जरूरी छ । टिममा सबैको आ-आफ्नो भूमिका हुन्छ । सामान्य उदाहरण के हो भने पारसले १ रन लिँदा नन स्ट्राइक एन्डमा रन नजोड्नेको पनि उत्तिकै भूमिका हुन्छ । ब्याट्सम्यानले जति रन बनाए पनि बलिङ र फिल्डिङले केही गर्न सकेन भने खेल जित्दा पनि जितिँदैन । हुनसक्छ हिजोका दिनमा हाम्रो योगदान बढी थियो, तर अरुलाई नकार्न मिल्दैन । हामीले बनाएको ४०-५० सय रन भन्दा उनीहरूले बनाएको १० रनको पनि त्योभन्दा बढी महत्त्व हुनसक्थ्यो ।



झलिट जोशी

वान-डे मान्यता पाउँदाको माहोल कस्तो थियो, सिनियर खेलाडी भएकाले त्यसलाई कसरी लिनुभयो ?

० वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको हो कि होइन भनेर ढुक्क हुनसकेका थिएनौं । यति मेहनत गरेर आइसक्यौं यो भन्दा तल झर्नु हुँदैन भन्ने थियो । एउटा खेल जित्यो भने वान-डे अन्तर्राष्ट्रिय दिए पनि नदिए पनि कम्तीमा हामी माथिल्लो स्तरमा पुग्थ्यौं । आयरल्यान्ड र अफगानिस्तान पनि टेस्ट राष्ट्र बनिसकेको अवस्थामा हामी एसोसिएटको शीर्ष चार राष्ट्रभित्र पर्थ्यौं । वान-डे अन्तर्राष्ट्रिय मान्यता अन्योल भए पनि अन्तरमहादेशीय कप र विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्ने निश्चित हुन्छ फेरि डिभिजन २ फर्कनुपर्दैन भनेर बसेका थियौं । हामीले पपुवा न्युगिनीलाई हराइसकेको र नेदरल्यान्ड्सले हङकङसँग विजय हात पारिसकेको थियो । हामी टीभीमा वेस्ट इन्डिज र अफगानिस्तानको खेल प्रत्यक्ष हेरिरहँदा कमेन्टेटरले बीच-बीचमा नेदरल्यान्ड्सले जितेपछि नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो भनेपछि मात्र हामी ढुक्क भयौं । पछि आईसीसीबाट यससम्बन्धी समाचार आयो । हाम्रो लक्ष्य नै भएकाले भाइबर ग्रुप 'मिसन ओडीआई स्ट्याटस' भनेर बनाएका थियौं । त्यसलाई ओडीआई स्ट्याटस बनाएर वान-डे अन्तर्राष्ट्रिय मान्यताको खुसी मनायौं । नयाँ खेलाडीको भविष्य देखेर खुसी लाग्यो । युवा खेलाडी भएकाले उनीहरू अझ जोसिला थिए, यसले छुट्टै सन्तुष्टि दिएको थियो । क्रिकेट अब नयाँ आउने पिँढीले पनि खेल्न पाउने भयो । त्यो पनि माथिल्लो स्तरमा भन्दा खुसी पनि थियो । मनमा चिसो पनि पस्यो । पाउन त पायो क्रिकेट संघ नै निलम्बनमा छ, ट्वान्टी-२० अन्तर्राष्ट्रिय पनि पाएको थियो तर त्यसको खासै प्रयोग गर्न सकेका थिएनौं । अब के हुन्छ भनेर मनमा बिझिरहेको थियो ।

नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यतामा तपाईले कस्तो किसिमको योगदान गर्न सक्नुहुन्छ भन्ने लागेको छ ?

० मैले दिने योगदान भनेको जहिले पनि देशका लागि केही गर्ने हो । त्यो भनेको आफूले भ्याए र शरीरले साथ दिएसम्म हो । योगदान भनेको खाली रन बनाउनमात्र होइन । मैले मैदानमा खेल्दा मात्र हुन्छ भन्ने पनि होइन । मैदानबाहिर पनि मैले क्रिकेटलाई कसरी एउटा एम्बासडरको रूपमा अगाडि लैजान सक्छु, क्रिकेटलाई कसरी संस्थागत गर्न सक्छु त्यो भूमिका बढी हुन्छ । क्रिकेट एउटा स्तरमा पुगिसकेको छ यसलाई निरन्तरता दिन खेलाडीको मात्र नभएर, प्रशंसक, एम्बासडर भएर मैदानभित्र र बाहिर अझै धेरै योगदान मैले गर्नुपर्छ जस्तो लाग्छ ।

नेपाल क्रिकेट संघ निलम्बनको अवस्थामा यो उपलब्धि जोगाउन त गाह्रो होला नि ?

० मेरो विचारमा संघ हुँदा र नहुँदाको फरक भनेको समन्वय गर्न गाह्रो र विकासको कुरामा असर परेको हो । संघ निलम्बन हुँदा हामी खेलिरहेका छौं । तर यसमा अलिकति असर परेको त छ । त्यसको मतलब वान-डे अन्तर्राष्ट्रिय मान्यता जोगाइराख्न संघ नै चाहिन्छ भन्ने होइन । क्रिकेटमा जो-जो सरोकारवाला हुनुहुन्छ उहाँले आफ्नो सानो दायित्व लिनुभयो भने पनि यो मान्यतासँगै नेपाली क्रिकेट अगाडि बढ्न सक्छ । संघ भनेको क्रिकेटको सर्वोच्च निकाय हो त्यो नहुँदा काम गर्न केही अप्ठ्यारो त पर्छ नै ।

नेपालको पहिलो वान-डे अन्तर्राष्ट्रिय मान्यता खेल को सँग होस् जस्तो लागेको छ ?

० जो सँग खेले पनि आफूले खेल्न पाउनु ठूलो हो । त्यो नै आफ्नो खेलजीवनको हाइलाइट्स हुनेछ । भारतसँग खेल्न पाए म सबैभन्दा खुसी हुनेछु । पहिलेदेखि क्रिकेट हेरेको भनेको भारतकै हो । सचिन तेन्दुलकरबाट प्रभावित हुने भइहालियो । केही तीतो अनुभवहरू पनि छ । भारतमा खेल्न जाँदा नेपालमा पनि क्रिकेट खेल्छ र भन्ने प्रश्न गर्थे । भारतसँग वान-डे अन्तर्राष्ट्रिय खेल्न भारतमै गइयो भने अब जवाफ दिइरहनुपर्दैन ।

नेपाली टोलीमा आरिफ शेख, सन्दीप लामिछाने, रोहित पौडेल, ललितनारायण राजवंशी जस्ता युवा खेलाडीको भूमिकालाई कसरी लिनुहुन्छ ?

० क्रिकेटमा जोस र खेलप्रतिको लगाव कति छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ । त्यो जोसलाई सही ढंगले प्रयोग गर्न सक्यो भने नतिजा राम्रो आउँछ । डेढ वर्ष जस्तो अगाडि पनि मैले सोपमाल कामी, करण केसीलाई हेर्दा त्यस्तो अनुभव गरेको थिइनँ, तर उनीहरू अहिले सही बाटोमा देखिएका छन् । अहिले आउँदा भनेको कुराहरू बुझ्ने गरेजस्तो देखिन्छ । योजनाहरू बुझ्छन्, क्रिकेट ज्ञान बढाउँदै गएका छन् । रोहित र सन्दीप त अझै नयाँ नै छन् । उनीहरूको बुझाइ अझै तेज देखिन्छ । अर्को एक-डेढ वर्ष यही स्तरमा उनीहरूले खेलिरहेमा हाम्रो क्रिकेट सही दिशामा गइरहेको छ भनेर भन्नुपर्छ । प्रतिभा भएकै हिसाबले उनीहरूले त्यो अनुरुपको प्रदर्शन दिइरहेका छन् । एक्सपोजर कम भएकाले अझ पनि उनीहरूको खेल खुल्न पाएको छैन ।

धेरै जिम्मेवारी लिँदा खेलमा कत्तिको असर पर्छ ?

० पहिला पनि एउटा ब्याट्सम्यान, उपकप्तानको जिम्मेवारी लिएर खेलेकै हुँ । डिभिजन २ मा मेरो प्रदर्शन राम्रो भइरहेको थिएन । दिमागमा मैले राम्रो गर्नुपर्छ भनेर खेलिरहेको थियो । राम्रो स्कोर बनाउन नसके पनि अर्को एन्डबाट टिमलाई सहयोग गर्नुपर्छ भन्ने थियो । सुरुआत पनि राम्रै भएको थियो नभएको होइन । जिम्बावेसँग खेल्दा मेरो भूमिका पनि त्यही थियो एउटा एन्ड सम्हालेर खेल्नुपर्ने । ३२ रन बनाए पनि लय नभेटिरहेको जस्तो अनुभव भएको थियो । त्यसमा विश्वकप छनोटजस्तो प्रतियोगितामा टिमले हार्दा र आफ्नै ब्याटिङ नचलेर हार्दा अलिकति मानसिक तनाव भयो । त्यो दबाब भयो भन्दैमा राम्रो प्रदर्शन गर्न नसकेको भने होइन । विश्वकप छनोट भएकाले अलिकति छुट्टै दबाब थियो । आफूले प्रदर्शन गर्न नसकेकै कारण टिमले हार्दा नरमाइलो लाग्यो ।

जिम्बावेसँगको त्यो इनिङ्सपछि त दबाब अलिक कम हुनुपर्ने होइन ?

० टिम योजनाअनुसार मैले कम्तीमा १०-१२ ओभर टिकेर खेल्नुपर्ने थियो । कति बल खेल्यो भन्ने महत्त्वपूर्ण हुँदैन्थ्यो । मैले त्यहीअनुसार खेले पनि लय भेटाउन सकिनँ । स्कटल्यान्डसँग हाम्रो ब्याटिङ पतन नै भयो । मैले आफ्नो कमजोरी लुकाउन खोजेको त होइन, तर म त्यो खेलमा इनसाइड एज लागेर एलबीडब्लू आउट हुनपुगे । जिम्बावे र अफगानिस्तानलाई टक्कर दिने तथा स्कटल्यान्ड र हङकङलाई जितेर सुपर सिक्समा पुग्ने टिमको लक्ष्य थियो । तर पहिलो दुई खेल हारेपछि मनोबल झरेजस्तो भयो ।

इभेन्ट म्यानेजमेन्टतिर बढी ध्यान गएर तपाईको प्रदर्शन खस्केको भन्ने पनि छन् नि ?

० मैदानभित्र हुँदा पक्कै पनि मैले इभेन्ट सोचिरहेको हुन्न । मेरो जिम्मेवारी खेल्दा कसरी क्रिकेट राम्रो खेल्ने र मैदानबाहिर क्रिकेटलाई कसरी राम्रो गर्ने भन्ने हो । सबैको आ-आफ्नो बुझाइ र हेर्ने तरिका हुन्छ । मेरो सानो प्रयासले क्रिकेट भइरहेको छ, अगाडि बढ्छ भने किन नगर्ने । त्यसमा म खेलेको होस् वा नखेलेको होस् । विराट कोहली, महेन्द्रसिंह धोनीले खेल्दा खेल्दै फुटबलमा लगानी गरेका छन् । त्यसको मतलब उनीहरू पूरा व्यापारमै लागेको भन्ने होइन नि । नराम्रो चलिरहँदा मेरोबारेमा यस्तो आएको होला । तर मलाई त्यसले मेरो प्रदर्शन बिगारेको जस्तो लाग्दैन ।

तपाईको ढाड मुभमेन्ट भएन, निहुरिन सक्नुभएन भनेर विदशी मिडियामा आइरहेको छ, के हो कुरा । कतै तपाई चोट लिएरै खेल्नुभएको त होइन ?

० मेरो ढाडमा त्यस्तो केही समस्या छैन । खुट्टामा अलिकति सानो समस्या थियो, खेल्नै नसक्ने भने होइन । कसरी त्यस्तो आयो मलाई थाहा छैन । पूर्ण फिट भएरै खेलेको हुँ ।

तपाईको ब्याटिङमा पूरा टिमले भरोसा लिएको हुन्छ । पारस खड्का र मध्यक्रम चलेको अवस्थामा तपाईको ब्याटिङ अलिकति चलेको भए नेपाल सुपर सिक्समा पुग्न सक्थ्यो होला जस्तो लागेन ?

० एकदम लागेको थियो । स्कटल्यान्डसँगको खेलमा २ सय २० रनभन्दा माथि बनाएर स्पिनरले दबाब दिने भन्ने थियो । तर ब्याटिङ नै क्लिक हुन सकेन । १०-१२ ओभर म टिकेको भए पनि अरु ब्याट्सम्यानलाई कम दबाब पर्थ्यो । मैरै कारणले त्यो हुन नसकेको हो, त्यसको जिम्मेवारी म आफै पनि लिन्छु ।

यसले आरिफ र रोहितजस्ता युवा ब्याट्सम्यानलाई कस्तो दबाब पार्थ्यो ?

० दबाब त परिहाल्थ्यो । मैले उनीहरूलाई सबैभन्दा ठूलो अवसर तिमीहरूलाई छ तर तिमीहरू उल्टो सोचिरहेका हुन्छौ त्यस्तो सोच्नुहुँदैन भनेर भन्थें । युवा खेलाडी छौं हारेर गुमाउनु केही छैनौं भन्थें । पुराना खेलाडीलाई दबाब भए पनि तिमीहरूलाई अवसर हो भनेर सम्झाउने गर्थें । १० रन हाने पनि त्यो भन्दा बढी रन हाने पनि त्यसले भोलिको दिनमा आत्मविश्वास दिलाउने हो भनेर भन्थें । राष्ट्रको प्रतिनिधित्व गरिसकेपछि जुनियर खेलाडीले पनि खेल जिताउन सक्छन् नि ।

तपाईको ब्याटिङ नचल्दा टिमले कतिको हौसला दिन्थ्यो ? प्रशिक्षक, कप्तान, ब्याटिङ परामर्शदाताले के भन्थे ?

० टिमले कहिले पनि आउट अफ फर्म भयो खेल्न सकेनौं भनेर भनेन । मलाई स्पेस दिइरहेको थियो । कहिलेकाहिँ खराब फर्म हुन्छ भनेर भन्थो । ब्याटिङ परामर्शदाता उमेश पटुवालसँग मैले विगतमा प्रशिक्षण लिएको थिएँ । खेल्ने शैलीमा केही फरक छैन, खाली अहिले रन नलागेको मात्र हो । आत्मविश्वास देखिरहेको मात्र छैन । खेल्ने शटहरू ब्लक भएको हुनसक्छ । धेरै सोचेर हुनसक्छ । रन नहान्दा मनमा धेरै कुरा आउन सक्छ, त्यसमा ध्यान दिनु हुँदैन भन्नुहुन्थ्यो ।

भन्नाले तपाईलाई ओपनिङमा खेल्न गाह्रो भएको हो ?

० यो मलाई लाग्दैन । धेरैले मलाई किन ओपनिङमा ब्याटिङ गरेको फस्ट डन वा मध्यक्रममै ठीक थियो भनेर सुझाव दिन्छन् । अहिले मैले टिमले दिएको जिम्मेवारी पूरा गर्न नसकेको हो । २ वर्षदेखि ओपनिङ गरिरहेको थिएँ । त्यति बेला सबै ठीक थियो किन ओपनिङ गरेको भनेर कसैले भनेनन् । खेल्न नसक्दा धेरै प्रश्न आउँछन्, यसले खुसी पनि बनायो किनभने मलाई लिएर ध्यानाकर्षण हुँदोरहेछ । म अझै पनि ओपनरकै भूमिका प्रमाणित गर्न चाहन्छु ।





काठमाण्डौ महानगरपालिका
नगर कार्यपालिका
राजश्व विभाग

व्यवसाय कर तिर्ने बुझाउने सम्बन्धमा अत्यन्त जरूरी सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा वा यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा संस्थाले व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान र लगानीका आधारमा वार्षिक व्यवसाय कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको अवगतै होला । यस आर्थिक वर्षमा व्यवसायीहरुको सुविधालाई ध्यानमा राखी मिति २०७४/१२/०१ गते देखि काठमाडौं महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि ३२ वडाहरुमा स्थलगत रुपमा व्यवसाय कर टोली परिचालन भई सकेको छ । खटि आउने करटोलीले व्यवसाय स्थलमानै काठमाडौं महानगरपालिकालाई तिर्न बुझाउन पर्ने कर तिर्न अनुरोध गर्ने, कर आदेश जारी गर्ने, भर्पाई गरि राजश्व बुझिलिने अख्तियारी समेत दिईएको हुँदा टोली समक्ष आफ्नो विवरण पेश गरि व्यवसाय दर्ता तथा नविकरण गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

"कर तिरौं सम्मानित बनौं,
सेवा प्राप्त गर्न हक सिर्जना गरौं"

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

सूचना ! सूचना !! सूचना !!!

यस कोटेश्वर बहुमुखी क्याम्पसका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूको भेला आयोजना गरी भूतपूर्व विद्यार्थी संघ (Alumni Association) गठन निम्न मिति, समय र स्थानमा हुन गइरहेकाले सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०७४/१२/१० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कोटेश्वर बहुमुखी क्याम्पस ।

नोट: यो सूचना जसले हेरे पनि साथीहरूलाई जानकारी गराइदिनुभई सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहोला र ३ दिनभित्रमा नाम टिपाइदिनु होला ।

- MBS भर्नाका लागि CMAT उत्तीर्ण विद्यार्थीहरूलाई यथाशीघ्र भर्ना भई दिनुहुन सूचित गरिन्छ । (सीमित सिट बाँकी)
- MBS प्रथम सेमेष्टरको कक्षा शुरू मितिः २०७४/१२/१२ गते सोमबार

सम्पर्क: ०१-४१५५१४५, ४१५५२६६, ९८५१०६७७७५

क्याम्पस प्रमुख

USA
5 YEARS MULTIPLE VISA
Conditions Apply
NO SPONSORSHIP REQUIRED
EASY DOCUMENTTATION/QUICK PROCESS
TheVideshyatra.com
Nepal's no-1 Business and travel management Service Brand
City Center: 01- 4011812/11, 9851081645 ,9802010249
We Assist and support Visa as Part Of Available program

TRAINING ON APPLIED ACCOUNTING
Including TAX,VAT & TDS
[Manual+Computerized]
Advanced EXCEL for Professionals
100% PLACEMENT ASSISTANCE
NIMe Pvt. Ltd.
Putalisadak (New Plaza)
T:4429329, 4429330
Cell: 9841388125

PhD Opportunity
Opportunity to study from globally recognized and UGC approved, renowned and top ranking Universities in India, Malaysia and UK.
Admission Open for March 2018 intake is going on for all subjects/ faculties.
PhD Centre
Koteshwor, Kathmandu
9841250385, 9860041678



Standard Chartered

समृद्ध जीवनको सुरुवात बचतका साथ ।

तपाईको मासिक किस्ताको भार कम गराउने विशेष आवास कर्जा योजना हामीले ल्याएका छौं ।

तपाईको अन्यत्र रहेको घर कर्जालाई हाम्रो विशेष घर कर्जा योजना अन्तर्गत पूर्णकर्जा लिई उल्लेख्य बचत गर्ने अवसरको फाईदा लिनुहोस् ।

बिशेषताहरुः
- ८.८८ %** वार्षिक व्याजदर (आधार दर + ३.०८ % प्रिमियम)
- सेवा शुल्क १.२५ % मात्र
- निःशुल्क धितो मुल्यांकन
- निःशुल्क कर्जा सूचना शुल्क
- निःशुल्क क्रेडिट कार्ड (जारी / पहिलो वर्षको शुल्क)
- निःशुल्क अनलाइन बैकिङ्ग सेवा (२ वर्षको लागि)

** कर्जा दर बैंकको आधार दर बमोजिम परिवर्तन हुने छ ।

थप जानकारीको लागि "MSO" टाइप गरी 98510-81000 मा SMS पठाउनुहोस् वा आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोला ।

यो योजना सीमित अवधीको लागि मात्र लागु हुने छ ।

यो विशेष योजनाका बारेमा आफन्त तथा साथीभाईलाई पनि जानकारी गराउनुहोस् ।

sc.com/np

Here for good

*शर्तहरु लागु हुनेछन् ।

\TBWA-SCB-03032018-18'

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा